आज मिति २०८०/०८/ २९ गते शुक्रबारका दिन थलारा गाउँपालिका गाउँ कार्यपालिकाका अध्यक्ष श्री प्रकाश बहादुर रोकाया ज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसि तपिसलको उपस्थितिमा निम्नानुसारका निर्णय गरियो।

तपसिल

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | प्रकाश बहादुर रोकाया | अध्यक्ष | |
| २. | राम बहादुर खाती | उपाध्यक्ष | |
| ३. | रबिन्द्र जोशी | सदस्य | |
| ४. | रबिन्द्र खाती | सदस्य | |
| ५. | प्रकाश भण्डारी | सदस्य | |
| ६. | रामचन्द्र जोशी | सदस्य | |
| ७. | नर बहादुर खाती | सदस्य | |
| ८. | अनिल कुमार बिष्ट | सदस्य | |
| ९. | किस्ने सार्की | सदस्य | |
| १०. | टिकाराज जोशी | सदस्य | |
| ११. | लोकेन्द्र बहादुर विष्ट | सदस्य | |
| १२. | रम्भा देवी कामी | सदस्य | |
| १३. | हेमन्ती देवी सिंह | सदस्य | |
| १४. | सुनिता देवी गिरी | सदस्य | |
| १५. | कमला कुमारी उपाध्याय जोशी | सदस्य | |
| १६. | विर्ख बहादुर मिजार कामी | सदस्य | |
| १७. | ज्ञानु दमाई | सदस्य | |
| १८. | सिद्धराज पण्डित | सचिव | |

अन्य उपस्थिति

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | | | |
| | | | |
| | | | |

CamScanner

## मिति २०८०।०८।२९ गते बसेको कार्यपालिका बैठकका निर्णयहरु

**निर्णय नं.१**

थलारा गाउँपालिकाको वडा नं.४ मा हालसम्म पनि राष्ट्रिय प्रसारण लाईन पुग्न नसक्दा वडामा रहेका सार्वजनिक निकायबाट सेवा प्रवाह गर्न समस्या भएको तथा समस्त वडावासी नागरिकहरुमा सहज विद्युत उपलब्धता हुँदा प्राप्त हुने सेवा सुविधाबाट वंचित भईरहेको अवस्थालाई दृष्टिगत गरी थलारा गाउँपालिकाको आ.व.२०८०।०८१ को स्वीकृत बार्षिक बजेट तथा कार्यक्रममा उल्लेखित वडामा राष्ट्रिय प्रसारण लाईन विस्तार गर्न नेपाल विद्युत प्राधिकरण संगको ५०% लागत साझेदारीमा लाईन विस्तारको कार्य अगाडी बढाउन ३२ लाख रकम विनियोजन भई प्राधिकरणलाई कार्य अगाडी बढाउन पत्राचार गरिएकोमा प्राधिकरणको मिति २०८०।०८।२५ गते पत्रानुसार पालिकासँगको लागत साझेदारीमा विद्युतिकरण गर्न बजेट स्वीकृत भई सकेकोले साझेदारीको रकम जम्मा गरिदिन अनुरोध भई आएकोले पालिकाको तर्फबाट व्यहोर्नु पर्ने लागत साझेदारीको रकम रु ३२,००,०००।-(अक्षरुपी बत्तिस लाख ) कार्य प्रगतिको आधारमा रकम भुक्तानी दिने निर्णय गरियो।

**निर्णय नं.२**

थलारा गाउँपालिकाको आ.व.२०८०।०८१ को पहिलो चौमासिकमा भएका गतिविधिहरुको सार्वजनिकरण तथा पहिलो चौमासिक सार्वजनिक सुनुवाई मिति २०८०।०९।१२ गते गर्ने निर्णय गरियो।

**निर्णय नं.३**

थलारा गाउँपालिकाको आ.व.२०८०।०८१ को स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम अनुसार पालिकाको लोगो शिर्षकमा बजेट विनियोजन भएकोले लोगो निर्माणको प्रक्रिया तत्काल अगाडी बढाउने निर्णय गरियो।

**निर्णय नं.४**

थलारा गाउँपालिकाको आ.व.२०८०।०८१ को संघीय सशर्त तथा गाउँपालिकाको स्वीकृत लघु उद्यम विकास कार्यक्रम तर्फको बजेट तथा कार्यक्रमलाई वडा नं ४ र ५ मा कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं.५**

थलारा गाउँपालिकाको आ.व.२०८०।०८१ को स्वीकृत संघीय सशर्त अनुदान तर्फको नविकरणीय उर्जा शिर्षकमा विनियोजित रकमलाई गाउँपालिका भित्रका सडक तथा धार्मिक स्थलमा सडक वत्ती राख्ने कार्यमा प्रयोग गर्ने साथै सो लागि प्रतिस्पर्धात्मक माध्यमबाट खरिद गर्न खरिद प्रक्रिया तत्काल अगाडी बढाउने निर्णय गरियो।

**निर्णय नं.६.**

थलारा गाउँपालिकाको आ.व.२०८०।०८१ को स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम अनुसार उपभोक्ता तथा अन्य निर्माण समितिबाट कार्यान्वयन गरिने योजनाहरुको २०८० पौष मसान्तसम्म सम्झौता गरिसक्न पत्राचार गर्ने निर्णय गरियो।

थलारा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय